नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 2 Monthly International Edition of Herald of His Coming April 2018

वर्ष १९, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (वैशाख, २०७५)

परमेश्वरको डर
The Fear of God

By John Gill (1697 - 1711)

Vol 76 No. 11 (911)

परमेश्वरको डर भन्नु भनेको उहाँको नजिकतामा जानु हो । उपदेशकको पुस्तकले यसरी भन्दछ, "अब सबै कुरा सुनिएका छन् - कुराको निष्कर्ष यही हो । परमेश्वरको भय राख र उहाँको आज्ञाहरू पालन गर किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यहि नै हो ।" (उपदेशक १२:१३)

परमेश्वरको भय मान्न आराधानामा ठूलो अलौकिक शक्ति हो साचो आराधकहरूले उहाँको भय मान्नुपर्ने केही पदहरूलाई लिएर व्याख्या गर्दछन्, साँच्चै मानिसले परमेश्वरको उपस्थितिको महसुस गर्दछन् । धेरै बाइबलविज्ञहरूले यसरी भन्दछ कि यी दुई तत्वमा मानिस अडिएको हुन्छ (१) परमेश्वरको डर मान्नु (२) उहाँको आज्ञालाई पालना गर्नु । आराधनाले नै परमेश्वरको डर भन्ने बुझाउँदछ । हिब्रूको लेखकले पनि यसरी भन्दछन्, "यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होओ । त्यसैले हामी मत्ती र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढाऔँ" (हिब्रू १२:२८)

१) परमेश्वरको भयले पापलाई घृणा गर्छ - "परमेश्वरको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो, अभिमान, अहङ्कार खराब चालचलन र भड्काउने कुराहरू म घृणा गर्छु ।" (हितोपदेश ८ : १३) फेरि पावल भन्दछन्, "प्रेम निष्कपट होस् जुन कुरा खराब छ त्यसलाई घृणा गर जुन कुरा असल छ त्यसमा लागि रहो" (रोमी १२:९) जुन मानिस उहाँको भयमा हुन्छ, त्यसले आफ्नो जीवनबाट परमेश्वरको महिमा गरेको हुन्छ परमेश्वरलाई प्रेम गरेको हुन्छ र शैतानलाई घृणा गरेको हुन्छ । "परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरुन्, किनकि उहाँले आफ्ना भक्तजनहरूको प्राण रक्षा गर्नुहुन्छ र दुष्टहरूका हातबाट तिनीहरूलाई छुटाउनुहुन्छ ।" (भजनसंग्रह ९७:१०) साँचो मानिसाले शैतानिक कार्यलाई घृणा गर्दछ, शैतानिक शब्द, शैतानिक कार्य र सबै शैतानिक बाटोहरू त्याग्दछ । यो संसारमा सबै कुराले शैतानिक कार्यतिर धकेलिरहेको हुन्छ । परमेश्वरको भय मान्ने मान्छेले संसारमा भएका सबै प्रकारका पापसँग सम्बन्धित कार्यहरू गर्न टाढा रहन्छ यसले यही कुरा प्रकट गराउँदछ कि यो मानिस शैतानिक कार्यदेखि अलग छ यसले परमेश्वरको भय भन्दछ । "प्रेम र विश्वास योग्यताद्वारा पापको प्रायश्चित हुन्छ । परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ ।" "आफ्नै नजरमा बुद्धिमान नहोऊ परमप्रभुको भय मान र दुष्कर्मलाई त्याग ।" हितोपदेश १६:६, ३:७) देखिने प्रकारको पाप मात्र होइन तर नदेखिने र गोप्य पापहरूबाट पनि अलग रहनुपर्छ । सबै प्रकारका खराबीहरूबाट टाढा रहनुपर्दछ । संसारमा मानिसहरू दुष्टकाम नगरेसम्म उसलाई निद्रै लाग्दैन र उसले अरूको पतन नगराएसम्म सन्तुष्ट हुन सक्दैन । "दुष्टमार्गमा खुट्टा नहाल् अथवा दुष्ट मानिसको चालमा नहिड । त्यसलाई त्यागि दे, त्यसमाथि तेरो पाइला नराख त्यसबाट तर्केर आफ्नै बाट लाग ।" (हितोपदेश ४:१४-१५)

परमेश्वरको भय मान्नुले उनीहरूलाई के लाग्छ त्यो गर्न दिँदैन त्यसैले नेहम्याहले सरकारी व्यक्तिसँग यसरी भन्दछन्, "तर म भन्दा अघिका राज्यपालहरूले रोटी र दाखमद्यबाहेक चाँदीका चालिस सिक्का कर तोकेर मानिसहरूलाई ठूलो भारले थिचेका थिए, उनीहरूका सहायकहरूले पनि यसरी नै अत्याचार गरेका थिए । तर परमेश्वरको भय राखेर मैले त्यस्तो व्यावहार गरिने ।" (नेहम्याह ५ : १५) त्यति मात्र होइन जसले परमेश्वरको डर भन्दछ त्यसले पाप गरेको हुँदैन । तर त्यसले अरूले गरेका पाप आफूले लिन सक्दैन र अरू जस्तै हिँड्न सक्दैन उनीहरू जसले पापपूर्ण जीवन बिताइरहेका छन्, उनीहरू सङ्गत गरेर सँगसँगै हिँड्न पनि सक्दैन । तिनीहरू येशूजस्तै होइनन् तर तिनीहरूले यो कुरा अरूलाई बताउन सक्दछन् ।

परमेश्वरको भयले मानिस र परमोश्वरसँगको सम्बन्धलाई पनि असल बनाउँदछ । उनीहरूले परमेश्वरका जनहरूको विरुद्धमा उठ्नु हुदैन भन्न थाहा हुन्छ । बोलीले होस् वा कार्यमा होस् अथवा उनीहरूको असल काममा बाधा नल्याउने कोशिस गर्दछन् । लेवीको पुस्तकमा यसरी भन्दछ, "बहिरालाई नसराप, अन्धाको अगाडि ठक्कर लाग्ने कुरा नराख । तर आफ्ना परमेश्वरको भय मान । म परमप्रभु हुँ ।" (लेवी १९:१४)

मानिसले परमेश्वरको भय मान्नु भनेको उहाँको आराधना गर्नु र उहाँको इच्छाअनुसार काम गर्नु हो । साँचो प्रकारले परमेश्वरको भय मान्ने मान्छेले परमेश्वरको आराधाना गर्न वेवास्ता गर्दैन । उनीहरूले सधैं परमेश्वरको ज्ञानले भरिन खोजिरहेका हुन्छन् र यसलाई जीवनमा उर्तान खोजिरहेका छन्, जसरी जकरिया र एलिजावेथ कसरी परमेश्वरको आज्ञामा हिडेका थिए र उनीहरू परमेश्वरको दृष्टिमा दोषरहित भएर हिँडेका थिए ।

परमेश्वरको भय मान्ने मान्छेले उहाँले कति दिनुभयो वास्ता गर्दैन तर म उहाँलाई के दिऊँ भनेर सोचिरहेको हुन्छ । अब्राहम परमेश्वरको भय मान्ने मान्छे थिए त्यसैले परमेश्वरले भनेका सबै आज्ञा पूरा गर्न तयार भए जब उनी आफ्नो छोरालाई वली दिन लागेका थिए । त्यसै समयमा परमेश्वरले उन दिनुभएको गवाही त्यही समयमा पाए तर उनले यो हुन्छ भनेर काम गरेका थिएनन्, उनी केवल परमेश्वरले भनेको आज्ञालाई पालना गरेका थिए । जब उनले चक्क उठाउन थालेको समयमा एउटा आवाज आयो, "उनले भने तेरो हात केटा माथी नउठा र त्यसलाई केही नगर अब मैले थाहा पाए तैले परमेश्वरको भय मान्दो रहेछस् । किनकि तेरो छोरो तेरो एक मात्र छोरालाई पनि मबाट तैले रोकेर राखिनस् ।" (उत्पत्ती २२:१२)

परमेश्वरको भय मान्नु भनेको मानिसले आफूले बनाएको कुरा होइन, यो त एउटा धार्मिक मानिसले गर्नै पर्ने आवश्यक तत्व हो । मानिसको स्वभावमा कुनै प्राकृतिक तत्वले जोड दिएको हुन्छ । तर "तिनीहरूको आँखाको साम्ने परमेश्वरको भय छैन ।" (रोमी ३:१८) यो परमेश्वरको अनुग्रहबाट आउदछ । यो परमेश्वरबाट को सित्तैको उपहार हो । "मेरो डर मान्ने र सधैं मेरो सबै कुरा पालन गर्ने तिनीहरूका हृदय भए त हुने थियो ताकि तिनीहरू र तिनीहरूका सन्तानको भलो सधैंभरि होस् ।" (व्यवस्था ५:२९) परमेश्वरले मात्र यस्तो हृदय दिनुहुन्छ, र उहाँले आफ्नो करारलाई पूरा पनि गर्नु हुन्छ । "म तिनीहरूलाई एउटा मन दिनेछ । ताकि तिनीहरू एउटै चालमा चलुन् र तिनीहरूले आफ्नै र तिनीहरूका पछि आउने सन्तानका भलाइका निम्ति सधैंभरि मेरो डर मानन् तिनीहरूसित सधैंको निम्ति म करार बाँध्ने छु, तिनीहरूलाई मलाई गर्ने म कहिल्यै छोड्ने छैन र तिनीहरू मदेखि फर्केर नजाउन भनी मेरो डर म तिनीहरूका हृदयमा हालिदिनेछु ।" (यर्मिया ३२: ३९-४०)

परमेश्वरको भयले प्रार्थना र बोल्ने शब्दमा धेरै परिवर्तन हुन्छ । परमेश्वरको भय भनेको यो गर्नैपर्ने काम हो र यो आराधनाबाट प्रस्तुत गर्ने तत्व हो जुन चाहिँ परमेश्वरमा विलाप गर्नु पनि हो । "आओ, हे बालक हो, मेरा कुरा सुन तिनीहरूलाई परम प्रभुको भय मान्न सिकाउने छु ।" (भजनसंग्रह ३४:११) परमेश्वरको नियम र सिद्धान्त उहाँलाई प्रचारप्रसार गर्नु हो नै यसको अर्थ हो । (व्यवस्था ४:१०, १७:१९) यो सबै परमेश्वरको अनुग्रहबाट महत्वपूर्ण भएको हो । भजन लेखकले भन्दछन् "हे परमप्रभु मलाई तपाईंको मार्गको शिक्षा दिनुहोस् र म तपाईंको सत्यतामा हिँड्नेछु । मलाई एकाग्र हृदय दिनुहोस् र म तपाईंको नाउको भय मान्न सकुँ ।" (भजनसंग्रह ८६:११) ।

परमप्रभुको भयले उहाँबाटको अनुग्रह र असलताको खोजि गरिरहेको हुन्छ "त्यसपछि इस्राएलीहरू फर्कनेछन् । परम प्रभु आफ्ना परमेश्वरलाई र आफ्ना राजा दाउदलाई

खोज्नेछन्, पछिल्ला दिनहरूमा तिनीहरू भयसित परम प्रभु र उहाँका आशिषतिर आउनेछन् ।" (होशे ३:५) परमेश्वरको असलताले मानिसको बीचमा अनुग्रह कृपा ल्याउँदछ । "तपाईंमा क्षमा छ र नै तपाईंको भय मानिन्छ ।" (भजनसंग्रह १३:४) उहाँको डरले मानिसमा खुसी ल्याउँदछ । परमेश्वरको भय मान्ने मानिसले उहाँको आज्ञापालन गर्न खुसी हुन्छ । "तर परमप्रभु उहाँको भय मान्नेहरूसँग र उहाँको अचुक कृपामाथि भरोशा राख्नेहरूसँग प्रसन्न हुनुहुन्छ ।" (भजनसंग्रह १४७:११)

उनीहरू उहाँबाट स्वीकार योग्य हुन्छन् र उहाँलाई यिनीहरूले स्वीकार गरेका हुन्छन् "तब पत्रुसले बोल्न थाले साँच्चै नै म देख्दछु कि परमेश्वरले पक्षपात गर्नुहुन्न तर हरेक जातिमा जो उहाँसँग डराउदछन् र उचित काम गर्छन त्यो उहाँको सामुन्ने ग्रहण योग्य हुन्छ ।" (प्रेरित १०:३४-३५) खीष्ट येशूमा परमेश्वरले हामीले समर्पण गरेका कुरालाई उहाँले ग्रहण गर्नुहुन्छ साथै हामीले पनि उहाँलाई पूर्णरूपले अपनाउनु पर्दछ ।

जसले परमेश्वरको भय भन्दछ त्यसमा परमेश्वरको हृदय हुन्छ । उहाँ दयालु हुनुहुन्छ जसले उहाँलाई पछ्याउँदछन् । उहाँले सम्माल्नु हुन्छ र खाँचोमा सहायता गर्नुहुन्छ । "जसरी बुबाआमाले आफ्ना छोराछोरीहरूलाई टिठाउँदछन् । त्यसरी नै उहाँको भय मान्नेहरूलाई परमप्रभुले टिठाउनुहुन्छ ।" (भजनसंग्रह १०३:१३) परमेश्वरको आँखा असल थोकमा लगाउनुहुन्छ । "तर प्रभुको दृष्टि उहाँको भय मान्नेहरू माथी छ । तिनीहरूमाथि जसको आशा उहाँको अचुक कृपामाथि छ ।" (भजनसंग्रह ३३ : १८) उहाँका आँखामात्र एकमा होइन तर सम्पूर्ण पृथ्वीमा भएका आफ्ना मानिसहरू माथि छ । उनीहरूलाई बलियो बनाउनुहुन्छ र बोलाउनु हुन्छ । जब धर्मीजनले उहाँलाई पुकार्दछ तब तिनीहरूलाई संकटबाट उद्धार गर्नुहुन्छ (भजनसंग्रह ३४ : १७) (लूका १ : ५०) उहाँका हात मानिसहरूलाई सहायता गर्नलाई खुल्ला हुन्छन् । "उहाँको भय मान्नेहरूलाई उहाँले भोजन जुटाउनुहुन्छ अनि आफ्नो करारको सम्झना सधैँ राख्नुहुन्छ ।" (भजनसंग्रह १११:५) उहाँको करारबाट आत्मिकी खाना खान पाउँदछौ । जुनचाहिँ सधैँ उहाँले सम्झना गरिरहनुहुन्छ । उनीहरू हिँड्ने बाटोमा उहाँले सहायता गर्नुहुन्छ । उहाँले अनुग्रह दिनुहुन्छ । उहाँले प्रशस्तसँग खन्याउनुहुन्छ अनि त्यसबाट उहाँलाई महिमा मिलेको हुन्छ । यी सबै जसले उहाँलाई आदर गर्दछ र उहाँको भय मान्दछ यी सबै मिलेको हुन्छ ।

"परमप्रभुको भय मान्नेहरूसँग उहाँको घनिष्टता हुन्छ र उहाँले तिनीहरूलाई आफ्नो करार बताई दिनुहुन्छ" । (भजनसंग्रह २५:१४) सबैभन्दा गोप्य कुरा परमेश्वरले उहाँको भय मान्नेहरूसँग घनिष्टता राख्नु पर्ने चाहिँ उनीहरू आज्ञाकारी हुन्छन् उनीहरूले उहाँको भय मानेका हुन्छन् र करारको आदर गरेका हुन्छन् । उनीहरूले आफ्ना साथीहरूलाई पनि यो सत्य कुरा बताएका हुन्छन् जुन चाहिँ परमेश्वरको महान आज्ञा हो । यो सबै परमेश्वरले आफ्नो अनुग्रहमा गर्नुहुन्छ र तिनीहरूका इच्छाहरू पूरा गर्नुहुन्छ । उहाँको भय मान्नेहरूको मनोरथ उहाँले पूरा गर्नुहुन्छ । उहाँले तिनीहरूले पुकारको सुन्नुहुन्छ र तिनीहरूलाई बचाउनु हुन्छ । (भजनसंग्रह १४५:१९)

परमेश्वरको भय मान्ने मान्छेहरूलाई परमेश्वरले सम्झिरहनुहुन्छ उहाँले आफ्ना जातिहरूलाई सम्माल्नुहुन्छ उहाँ आफ्नो अचम्मको प्रेम र दयाका साथ जुन कहिल्यै पुरानो हुँदैन, सधैँ नया नया प्रेमले प्रेम गर्नुहुन्छ । उहाँले सधैं आफ्नो अँगालोमा राखिरहनुहुन्छ । उहाँले कहिल्यै पनि आफ्नो करार जो हामीसँग बाँध्नुभएको छ, बिर्सनु हुँदैन । "तब परमप्रभुको डर मान्नेहरूले आपसमा कुरा गरे र परमप्रभुले तिनीहरूका कुरा ध्यानसित सुन्नुभयो परमप्रभुको डर मान्नेहरू र उहाँको नाउको मान गर्नेहरूका सम्झनाको पत्र मुझामा उहाँकै उपस्थितिमा लेखियो ।" (मलाकी ३:१६) येशू खीष्ट उद्धारकर्ता हुनुहुन्छ । उहाँले आफ्ना चेलालाई अनुग्रहद्वारा बचाउनुहुन्छ । जो उहाँसँग डराउँदछ । "तिमीहरूमध्ये कसले परमप्रभुको डर मान्छ र उहाँको दासको कुरा पालन गर्छ ज्योति विना अन्धकारमा हिँड्नेले परमप्रभुको नाउँमा भरोशा गरोस् आफ्ना परमेश्वरमा भर परोस् ।" (यशैया ५०:१०)

निश्चय नै उहाँसँग भय मान्नेहरूका नजिकै उहाँको उद्धार छ र उहाँको महिमा हाम्रो देशमा वास गरोस् (भजनसंग्रह ८५:९) असल र अचम्मको काम असल व्यक्तिको हृदयबाट गर्न सुरु गर्नु हुन्छ । अनुग्रहको करारमा र खीष्टको हातमा धार्मिकताको मुकुट रहेको छ । र जुन कुरा हाम्रो आँखाले देखेको छैन न त कानले सुनेको छ नै यो कहिल्यै

अदलबदल हुन्छ । "तपाईंको मलाई कति महान् छ जो तपाईंको भय मान्नेहरूका निम्ति तपाईंले राख्नुभएको छ, जो तपाईंमा शरण पर्नेहरूलाई तपाईंले मानिसहरूका सामुने दिनुभएको छ ।" (भजनसंग्रह ३१:१९)

समग्रमा मैले भन्न खोजेको कुरा यही हो कि परमेश्वरको भय मान्ने व्यक्तिलाई उहाँले सम्पूर्ण कुरा दिनुहुन्छ र आफ्नो प्रतिज्ञा पनि उसको जीवनमा पूरा गर्नुहुन्छ । उसको जीवनमा प्रसस्त आशिषले गर्नुहुन्छ ।

"परमेश्वरको निम्ति एउटा नया भजन गाओ हे सारा पृथ्वी परम प्रभुको निम्ति गाओ । परमप्रभुको निम्ति भजन गाओ । उहाँको नाउँको प्रशंसा गर, दिनहुँ उहाँले दिनुभएको उद्धारको निम्ति घोषणा गर । जातिजातिहरूको बीचमा उहाँको महिमाको घोषणा गर, सबै मानिसहरूको बिचमा उहाँको अचम्मको कामहरूको वर्णन गर । किनकि परमप्रभु महान् हुनुहुन्छ, उच्चप्रशंसा योग्यको हुनुहुन्छ, सारा देवहरूभन्दा बढी उहाँकै डर राख्नु पर्छ । किनकि जातिजातिहरूका सबै देवहरू केवल मूर्ति मात्र हुन् तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नु भयो । प्रताप र गौरव उहाँकै सम्मुख छन् उहाँको पवित्र स्थानमा शक्ति र महिमा छन् । जातिजातिका परिवार हो परमप्रभुलाई चढाओ । परमप्रभुलाई महिमा र शक्ति चढाओ । परमप्रभुलाई उहाँको नाउ अनुसारको महिमा चढाओ । भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर । उहाँका पवित्रताको वैभवमा परम प्रभुलाई दण्डवत गर, हे सारा पृथ्वी उहाँको सामु थरथरी होओ । जातिहरूका बिचमा मन परम प्रभु राज्य गर्नुहुन्छ । संसार स्थिर रूपले स्थापित भएको छ । त्यसलाई हल्लाउन सक्दैन । उहाँले मानिसको न्याय निष्पक्ष साथ गर्नुहुनेछ ।

स्वर्ग आनन्दी होस् र पृथ्वी रमाओस् । समुद्र र त्यसमा भएका सबै थोकले हर्षनाद गरुन् । खेत र त्यसमा भएका सबै कुरा उल्लसिता होउन्, तब जंगलमा भएका वृदाहरू आनन्दले गाउनेछन् । तिनीहरू परमप्रभुको सम्मुख गाउनेछन् । किनकि उहाँ आउनुहुन्छ । उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ उहाँले संसारको न्याय धार्मिकतामा र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ ।" (भजनसंग्रह ९६:१-१३)

प्रार्थनामा क्षमा र शक्ति

Forgiveness and Power in Prayer

By Rich Carmicheal

Vol. 76 No. 9 (909)

हेराल्ड पढ्नेहरूलाई यसले उत्साह दिन्छ होला जब तपाईं प्रार्थना गर्न बस्नुहुन्छ । मलाई आशा छ कि तपाईंहरूले जब परमेश्वरसँग प्रार्थनामा समय बिताउनु हुनेछ परमेश्वरसँग तपाईंको प्रार्थना अनुसारको उत्तरहरू छन् । याद गर्नुहोस् प्रार्थनामा कति शक्ति छ भनेर । मैले एउटा किताब पढेको थिए, त्यसमा सुरुमा अति नै साधारण प्रकारले प्रार्थना गर्न सिकाइएको रहेछ । त्यस प्रकारको प्रार्थना साना बालकले पनि गर्न सक्छन् । अलिक पढ्दै जाँदा त्यहाँ एकदमै परमेश्वरसँग नजिक भएको उहाँको भक्तको प्रार्थना पनि भेटें । अनन्तको शक्तिले हरेक काम गर्नलाई उत्साह दिइरहनु भएको म पनि यसबाट प्रभावित भए । यो सत्य कारण थियो । जीवनको अशिषले छुट्टै प्रकारले मानिसलाई उत्साहित बनाउँदै लैजान्छ । आफैंलाई मात्र होइन अरूलाई पनि यसले काम गर्दछ । परमेश्वरले आफ्नो महिमाको निम्ति हामी सबैलाई प्रार्थनामा क्षमा र शक्ति प्रदान गर्नुहुन्छ जसले उहाँको राज्य विस्तार गर्न सहायता गर्नुहुन्छ ।

अरूलाई क्षमा दिनु- हामीले अरूलाई क्षमा दिनु पर्छ किनकि प्रार्थना र हाम्रा साथी भाइहरूसँगको घनिष्टतामा ठूलो भूमिका हुन्छ । एण्ड्रयुले आफ्नो प्रचारमा प्रार्थना र प्रेमसँगसँगै हुनुपर्छ । हृदयदेखिको प्रार्थनाले परमेश्वर र मानिसको बीचको असल सम्बन्ध हुनुपर्छ । येशूले आफ्नो शिक्षामा यो कुरालाई विशेष प्राथमिकता दिएको देखिन्छ । उदाहरणको लागि प्रार्थनाको निम्ति उत्साह दिन उहाँले यसो भन्नुभयो, "जब तिमीहरू प्रार्थना गर्न खडा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराध क्षमा गरिदिउन् ।" (मर्कूश ११:२५) साथै उहाँले आफ्नो प्रार्थनामा हामीलाई सिकाउन मात्र होइन, उहाँले भन्नुभयो, "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौ ।" (मत्ती ६:१२) प्रार्थनाको अन्तमा उहाँले अरूलाई क्षमा दिने बारेमा विशेष जोड दिनुभएको छ । "किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौं

भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ । तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुने छैन ।" (मत्ती ६:१४-१५) तर यो गर्ने कुनै पनि शिल्पकार छैन । जसले क्षमा दिन सक्दैन त्यसलाई पनि क्षमा दिइने छैन । यसलाई प्रयोगमा लिने शक्ति परमेश्वरले हामीलाई दिऊन् । बुद्धिमानी मानिसलाई यस्ता अरूलाई क्षमा दिन नसक्ने तत्वलाई अगाल्न नपरोस् । यो मुर्खको हृदयमा मात्र हुन्छ । साँच्चै हामीले आफ्ना अपराधीलाई क्षमा दिएका छौ र परमेश्वरले हामीलाई क्षमा दिनुभएको छ भनेर भन्न सकेका छौं । आशा छ तपाईं पूर्णरूपले अरूलाई क्षमा दिनु भएको छ र पिताबाट पनि क्षमा पाउनु भएको छ । यदि तपाईंको हृदयमा अझ पनि कसैलाई क्षमा दिन सक्नुभएको छैन भने, हामी आशा गर्दछौं कि परमेश्वरले तपाईंलाई पूर्णरूपले अरूलाई क्षमा दिने सक्ने व्यक्ति बनाउनु भएको होस् साथै म पनि परमेश्वरबाट क्षमा पाएको व्यक्ति हुँ भनेर गर्व गर्न सक्नुभएको होस् । केहीले पनि मानिस र परमेश्वरको बीचमा तगारो बन्न नपाएको होस् । जसले गर्दा तपाईंले गरेको प्रार्थना एकदमै सक्रिय हुन सकोस् ।

क्षमा दिनको निम्ति बाइबलले के भन्छ हामी हेरौं-

परमेश्वर एकमात्र क्षमाशिल हुनुहुन्छ - परमेश्वरको एकमात्र बानी त्यो आफ्नो जातिलाई क्षमा दिन सक्ने । "हे परमप्रभु तपाईं मलाई क्षमाशील हुनुहुन्छ र तपाईंलाई पुकार गर्ने सबैलाई तपाईंको प्रेम प्रशस्त रहन्छ ।" (भजनसंग्रह ८६:५) "तपाईं जस्तो परमेश्वरको छ र, जसले पाप क्षमा गर्नुहुन्छ र आफ्नो निज उत्तराधिकार बाँकी रहेकाहरूको अपराध माफ गरिदिनु हुन्छ ? तपाईं सधैंसम्म रिस गर्नु हुन्न तर कृपा गर्नमा खुशी हुनुहुन्छ । हामीलाई तपाईंले फेरि टिठाउनु हुनेछ । तपाईंले हाम्रा पापहरूलाई खुट्टाले कुल्चनु हुनेछ र हाम्रा सबै अधर्म समुन्द्रको गहिराइमा फालिदिनु हुनेछ ।" (मीका ७ : १८-१९)

परमेश्वरले हाम्रा पापलाई सम्झनु हुने छैन- परमेश्वर सबैतिर एकचोटी प्रकट हुने हुनुहुन्छ । उहाँ कहिल्यै केही पनि बिर्सनु हुँदैन तापनि उहाँले सबै कुरा सम्झनामा राखे पनि उहाँले आफ्ना जनले गरेका पाप स्वीकार गर्दछन् भने त्यो उहाँले कहिल्यै पनि सम्झना गर्नु हुने छैन । "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु र तिनीहरूका पाप फेरि कहिल्यै सम्झने छैन ।" (हिब्रू ८ : १२) यार्मियामा पनि परमप्रभु यसो भन्नुहुन्छ, "परम प्रभुलाई चिन भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउने छैन किनकि, साना देखी लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्दछन् । परमप्रभु भन्नुहुन्छ, किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झने छैन ।" (यर्मिया ३१:३४) "म उही हुँ जसले तेरा अपराधहरू मेरो आफ्नै खातिर मेरो दिन्छ । र, तेरो पापहरूलाई सम्झदैन ।" (यशैया ४३ : २५)" पश्चिमबाट पूर्व जति टाढा छ उहाँले हाम्रा अपराधहरूलाई हामीबाट त्यत्तिकै टाढा हटाई दिनुभएको छ ।" (भजनसंग्रह १०३ : १२)

येशूको रगतमा क्षमा सम्भव छ- पापको क्षमा धेरै महङ्गो हुन्छ पवित्र रगतले मात्र क्षमा हुन सक्छ । रगत नबगाई पापको क्षमा हुन सक्दैन । (हिब्रू ९:२२) सबैभन्दा ठूलो असल समाचार ख्रीष्टले आफ्नो रगत हाम्रो निम्ति बगाउनुभयो जब चाहिँ परमेश्वर र मानिसबिच भएको धाँदोलाई पुलको काम गर्नु थियो । पाप क्षमाको निम्ति पिताले आफ्नो पुत्रलाई यस पृथ्वीमा पठाउनु भयो । "उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार हाम्रा पापको क्षमा पाउँदछौं ।" (एफिसी १:७) "तर उहाँ ज्योतिमा हुनु भएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौ भने एक अर्काप्रति हाम्रो सङ्गति हुन्छ र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" । (१ यूहन्ना १:७)

"किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ, उहाँले हामी दुवैलाई एउटै बनाउनु भएको छ र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ । र, उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू धार्मिक विधानहरू समेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैंमा एउटा नयाँ मानिस सृष्टि गरुन् र यसरी शान्ति स्थापना होस् । उनी उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो ।" (एफिसी २:१४-१६)

परमेश्वरको छोराछोरी भएर चरित्रमा उहाँजस्तै भएर पूर्णरूपमा अरूलाई क्षमा दिनुपर्छ- "छलि लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूका अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग । आफ्नो भित्र वार्तावमा नयाँ होओ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएका नयाँ स्वभावलाई धारण गर । अनि परमेश्वरको पवित्र आत्मालाई दुःखित तुल्याओ जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौं । सबै तितोपना, क्रोध र रिस होहल्ला र निन्दा, सबै किसिमका डाहासमेत तिमीहरूले त्यागिदेओ, जसरी परमेश्वरले

ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो । त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्काप्रति कोमल मनका र दयालु होओ ।" (एफिसी ४ : २२-२४,३०-३२)

परमेश्वरको जन भएका कारण हामीलाई क्षमा भएको त्यसैले अरूलाई पनि क्षमा गरौं - "यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धर्य धारण गर । एउटाले अर्कोलाई सहने गर । कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने एक अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नु भएको छ । त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ । यी सबैभन्दा बढी प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एक साथ बाँध्छ ।" (कलस्सी ३:१२-१४) मत्तीले पनि येशूले क्षमा दिन नसक्ने नोकरको बारेमा भन्नुभएको उखानलाई यसरी लेख्दछन्, "म तिमीलाई भन्दछु सातपल्ट होइन तर सत्तरी गुना सातपल्ट, यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ । जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे । जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तीन कहाँ ल्याइयो । तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोराछोरी र त्यसका सबैथोक बेची ऋण चुकाउने हुकुम दिए । तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, मालिक म माथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु । तब त्यस नोकरका मालिकले टिठाएर त्यसलाई छोडिदिए र त्यसको ऋण माफी गरिदिए ।

तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो जो त्यसको १०० चाँदीका सिक्काको ऋणी थियो । उसलाई धोक्रोमा पक्रेर त्यसले भन्यो तेरा ऋण तिरी हाल । तर त्यस सङ्गी नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गऱ्यो, म माथि धैर्य गर म तिमीलाई तिरी दिन्छु । तर त्यो मानेन र गएन ऋण नतिरुन्जेल उसलाई भ्यालखानामा हालिदियो । त्यसका सङ्गी नोकरहरूले यो सबै देखेका थिए र तिनीहरू अति दुःखित भए । तिनीहरूले गएर यी सबै घटनाहरू आफ्ना मालिकलाई बताइदिए । तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ए दुष्ट नोकर तैले मसँग बिन्ती गरिस् र मैले तँलाई तेरो ऋण माफी गरिदिए । मैले तँ माथि दया गरेझैं तैले पनि तेरो सङ्गी नोकर माथी दया गर्नु पर्ने थिएन ? तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नारीरुन्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए । तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदय देखी क्षमा गरेनौं भने स्वर्गमा हुनु हुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछौं । (मत्ती १८:२२-३५)

हामी ज्योतिमा आएपछि पनि हिजोका कुरालाई सम्झिरहन्छौं - एउटा अचम्मको उदाहरण युसुफको दाईहरूको लिन सकिन्छ । उनीहरूले आफ्नो भाइसँग नकरात्मक काम गरेका थिए । त्यसैले उनीहरूले युसुफले हामीलाई क्षमा गर्न सक्दैन कि भनेर उनीहरू आत्तिरहेका थिए । युसुफले जानेर नै यो जवाफ दिएका थिए । हामीले उत्पत्ती ५० अध्यायमा हेर्न सक्छौ । "बुबाको मृत्युभएको देखेर योसेफका दाजुभाइहरूले आपसमा भने सायद अब योसेफले हामीसँग दुष्मनी गर्नेछ र हामीले उसलाई गरेका सबै खराबीको बदला लिनेछ । यसैकारण उनीहरूले यसो भनेर योसेफ कहाँ खबर पठाए । मर्नु भन्दा अगाडी तपाईंका बुबाले यस्तो आज्ञा दिनुभएको थियो । तिमीहरूले योसेफलाई मन, कृपा गरी उनीहरूले तिमीसँग खराबी गरेकामा तिम्रा दाजुहरूका अपराध क्षमा गर । अब बिन्ती छ कृपा गरि तपाईंका बुबाका परमेश्वरका दासहरूका अपराध क्षमा गर्नुहोस् । उनीहरूको यस्तो कुरा सुनेपछि योसेफ रोए । तिनका दाजुहरूपनि आएर तिनका सामुन्ने घोप्टो परेर भने, हेर्नुहोस हामी तपाईंका दास हौ । तर योसेफले तिनीहरूलाई भने नडराओ के म परमेश्वरको स्थानमा छु र ? तिमीहरूले मेरो विरुद्धमा हामी गर्ने विचार गरेका थियौ । तर परमेश्वरले त्यही कामद्वारा मलाई गर्ने विचार गर्नु भयो ताकि आज जसरी भइरहेको छ । त्यसरी नै धेरैजना मानिसहरू बाँचिरहुन यसकारण नडराओ तिमीहरूलाई तिमीहरूका बालबच्चा समेत म पालन पोषण गर्नेछु । यसरी तिनले उनीहरूलाई ढाडस र सान्त्वना दिए ।" (उत्पत्ती ५०:१५-२१) अर्को शब्दमा भन्ने हो भने उनले परमेश्वर महिमा हुने काम गरे र पहिलो स्थान परमेश्वरलाई नै दिए । हाम्रो परमेश्वर काम गर्ने हुनुहुन्छ त्यसैले हामी उहाँमा निर्धक्क हुन्छौं । "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरूका निम्तिहरूका कुरामा परमेश्वरले मलाई नै गर्नुहुन्छ ।" (रोमी ८:२८)

त्यसकारण फेरी पनि हामीले प्रभुको कार्यमा विश्वास गर्दछौं र उहाँले हामीलाई क्षमा गर्नु भएकोले हामीले पनि आफ्ना भाइबन्धुलाई क्षमा गर्नुपर्छ र प्रार्थना गर्नुपर्छ । त्यसैमा नै हाम्रो पूर्ण शक्ति हुन्छ । यो नै हाम्रो शक्तिशाली, कामलाग्दो र भरपर्दा प्रार्थना हुन्छ । आउनुहोस्, साथीहरू विचार गरौ हामी कुन धरातालमा उभिएका छौं ।

Vol. 76 No. 718 (907–908)

धैर्यतासाथ प्रचार प्रसार

Evangelism with a passion

By Morris Chaltant

येशूले आफ्नो प्रचार प्रसारको कार्यमा धेरै सावधानीपूर्वक काम गर्नुभयो । उहाँले कहिल्यै पनि मानवअधिकारमा क्षति हुने प्रकारले गर्नु भएन । थिचोमिचोमा पारेकालाई उद्धार हुने काम गर्नुभयो । यस्तो सावधानीपूर्वक प्रचारप्रसार अपनाउनलाई उहाँले आफ्ना चेलाहरूलाई पनि सिकाउनु भयो । येशू जब मानिसको बीचमा स्वर्गको राज्यको बारेमा प्रचार गर्नुहुन्थ्यो तब मानिसको हृदयलाई बदलाउ ल्याउथ्यो ।

गलातीको पुस्तकले यसरी भन्दछ "किनकि तिमीहरूमध्ये जतिको खीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले खीष्टलाई धारण गरेका छौं ।" (गलाती ३ : २७) यसको अर्थ खीष्टसँग सम्बन्ध गाँसिएको छ । यसको अर्थ तिमीहरूसँग अरूको निम्ति वास्ता गर्नु अरूलाई धैर्य गर्नु र हराएकाहरूका निम्ति आज्ञा पूरा गर्नु करमा पारेको छ येशूजस्तै अरूको निम्ति दयालु बन्नु हाम्रो निम्ति असल हो । तर कति लामो समय ? जहाँ तपाइँ रहनुहुन्छ, उनीहरूको निम्ति रुनु, मण्डलीको आत्मिक वृद्धिको निम्ति प्रार्थना गर्नु र रुनु-कराउन कति लामो समयसम्म, यदि हामीमा धैर्यता छैन भने हामी फेल खान सक्छौं ।

येशूसँग गहिरो धैर्यता थियो कि अरूको निम्ति पर्खनु र सहनु जसले गर्दा मानिसलाई उहाँ कहाँ डोऱ्याओस् । उहाँको प्रेमले मानिसलाई उहाँतिर आर्कषित गराएको थियो । त्यही प्रेम र दयाले हामीलाई पनि उहाँतिर आर्कषित गरेको छ । यदि पहिलेका मानिसले केही काम गर्दथे भने खीष्टको धैर्यतालाई सम्झेर नै गरेका थिए । त्यो खीष्टको धैर्यता अनन्त अनन्तको लागि थियो । आज खीष्टलाई पच्छ्याउनेहरूसँग पनि त्यही खीष्टको धैर्यताको आवश्यता हुन्छ । सुरु सुरुका मण्डलीलाई हामीले हेर्दौं भने उनीहरूसँग भएको सम्पूर्ण सम्पत्ति बेचबिखन गरेर प्रेरितहरूको सामुन्ने ल्याउने चलन थियो । किनकि खीष्टले म छिटै आउछु भन्नुभएको कारण आज आइ हाल्नुहुन्छ भन्ने उनीहरूको विचार थियो । उनीहरूले धर्म गर्न नसकेको जस्तो देखिन्छ । विभिन्न बाइबल विद्वान्हरूले भन्दछन् कि परमेश्वरमा सम्पूर्ण मानिस फेरि नयाँ गरी जन्मनु अति नै आवश्यक छ । नत्र भने खीष्टको न्यायको दिन नजिक छ भनेर विशेष जोड दिन्छन् । डी.एल. मोडीले भन्दछन् कि, परमेश्वर सबैको निम्ति प्रेम हुनुहुन्छ । उनी भन्दछन् कि परमेश्वर प्रेम हुनुहुन्छ, म सबै परमेश्वरको प्रेमहरूको बीचमा काम गर्छु र सबै काम म गर्न सक्दिन, किनकि म त मानिस नै हुँ, कति चोटी म परेश्वरले भनेको जस्तो गरी उहाँका जनहरूलाई सेवा पुऱ्याउन सक्दिन भन्ने आफ्नो प्रचारमा आँखाबाट आँसु निकाल्दछन् । तर यी सबै मण्डलीका विश्वासीहरूको निम्ति खीष्टको अतुलनीय धैर्यता छ । खीष्टले सबै मानिस उहाँमा आउन् भनेर अझ पनि दोस्रो आगमनको निम्ति धैर्य गरिरहनु भएको छ ।

त्यसैले सम्पूर्ण विश्वासीहरू नबाँचेकाहरूको बीचमा पुग्नु अति नै आवश्यक छ । यो धैर्यताले पावललाई लेख्नलाई बाध्य बनाउँछ "म खीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैन । मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ । मेरो हृदयमा असाध्यै शोक र मनमा अटुट वेदना छ । म त यहाँसम्म पनि चाहन सक्थें कि, मेरा भाइहरू र मेरा जातिहरूको नाताले मेरा कुटुम्बका खातिर म नै श्रापित होऊ ।" (रोमी ९ : १ - ३) सबैभन्दा असल भाडा बनाउने बनाएको जस्तै स्वर्गको निम्ति सम्पूर्ण विश्वास नगर्नेलाई एकै निमेषमा आफ्नो तरिका लिऊँ जस्तो लाग्छ । हामीले हाम्रो मण्डलीको निम्ति सक्दो योगदान दिनुपर्छ कि कसरी आत्मा बाँच्दछ र उहाँको राज्यको वृद्धि हुन्छ सोच्नु पर्छ । एउटै पनि परमेश्वरबाट टाढा नजाउन् र उहाँको क्रोध मानिस माथि नपरोस् भन्ने चाहना राख्नु पर्छ । हामीले प्रचार गरेको के मिलेन र मानिसले विश्वास गरेन ? भन्नुभन्दा हाम्रो हृदयमा के नराम्रो छ, त्यसले सुसमाचारमा बाधा ल्याएको छ खोजी गर्नुपर्छ । प्रचार प्रसारमा हाम्रो इगो खोई हामीले भित्री हृदयदेखि गर्छु भनेको खोई, यदि हामीले हाम्रो हृदयदेखि प्रचारप्रसार गरेका छौ र धैर्यतापूर्वक पर्खेका छौ भने परमेश्वरले हाम्रो परिश्रममा आशिष दिनुहुन्छ । हामीमा धैर्यताको अति नै आवश्यक हुन्छ । हरेक कार्य गर्दा हामीलाई धैर्यता चाहिन्छ भने झन प्रचारप्रसारमा त आतिनु नै हुँदैन । हामीले लागेको कार्यमा लगातार लागिरहनु पर्छ । परमेश्वरको उपस्थिति त्यहाँ उत्पन्न हुन्छ । यदि प्रचारप्रसारमा धैर्यता छ भने परमेश्वरको राज्यको निम्ति उच्चता प्रकट भएको हुन्छ । मानिसले काम गरे पनि परमेश्वरले मानिसभित्र भएर काम गर्नु भएको हुन्छ । प्रचारप्रसारले मानिसलाई आनन्द ल्याउँदछ । यसले मानिसको हृदयमा शुद्धता ल्याउँदछ । खीष्टको प्रतिज्ञा पूरा गर्ने कार्य गरिरहेको हुन्छ । यसले मानिसलाई धार्मिकतातिर डोऱ्याउँदछ, हितोपदेशले यसरी भन्दछ, "जहाँ दर्शन प्रकाश छैन त्यहाँ मानिसहरू भाडिन्छन्' तर त्यो मानिस धन्य हो जसले व्यवस्था पालन गर्दछ ।" (हितोपदेश २९ : १८) एउटा सबैभन्दा पहिलो दर्शन भनेको धैर्य हो । जबसम्म हामी अर्काको निम्ति धैर्य गर्न सक्दैनौं, हामीले दर्शन देख्न सक्दैनौं । आत्माको निम्ति धैर्य भनेको आत्माको निम्ति प्रार्थना हो । कसरी संसारलाई खीष्टमा जित्न सकिन्छ ? येशूले भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।" (मर्कूश १६ : १५) जाऊ ! कहाँ ? "संसार भरि" यसको अर्थ संसारका सबै जातिहरूकहाँ सुसमाचार पुगोस् ।

प्रेरितको पुस्तकमा हेर्यौं भने हामीले देख्छौं कि, सुसमाचार प्रचार गर्दा विभिन्न सतावट आएको छ, जब उनीहरूको बीचमा सतावट आयो, तब उनीहरू तितरवितर भए, उनीहरू जहाँ गए, त्यही सुसमाचार दिए । "तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे ।" (प्रेरित ८ : ४) त्यसै कारणले आज संसारभरि खीष्टको महिमा भएको छ, त्यसैले आज पनि मानिसहरू जस्तोसुकै दुःखकष्ट आई परे पनि खीष्टको सुसमाचार दिन पछि परेनन् । यूहन्नाको सुसमाचारमा चेलाले भने "तपाइँका भवनको जोसले मलाई जलाउनेछ ।" (यूहन्ना २ : १७) परमेश्वरले हामीलाई खीष्टको सुसमाचार प्रचार गरेर मानिसलाई खीष्टमा ल्याउन आशिस दिउन् ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com